(४२)

बैठक संख्याः - २

स्थानः गल्छी गाउँपालिका कार्यालयको सभा हल गल्छी ६, बैरेनी ।
मितिः २०८१/०५/०५
समयः दिनको ११:०० बजे

उल्लेखित स्थान, मिति र समयमा गल्छी गाउँपालिकाका अध्यक्ष श्री केदारनाथ खतिवडाको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिका बैठक बसी निम्नलिखित विषयमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति

१. अध्यक्ष श्री केदारनाथ खतिवडा - गल्छी गाउँपालिका
२. उपाध्यक्ष श्री भाईकाजी तिवारी - गल्छी गाउँपालिका
३. सदस्य श्री यदु कुमार खतिवडा - गल्छी गाउँपालिका
४. सदस्य श्री षडानन्द खनाल - गल्छी गाउँपालिका
५. सदस्य श्री राजन भुजेल - गल्छी गाउँपालिका
६. सदस्य श्री राजु अधिकारी - गल्छी गाउँपालिका
७. सदस्य श्री सरोज लामा तामाङ - गल्छी गाउँपालिका
८. सदस्य श्री दिपक कुमार कार्की - गल्छी गाउँपालिका
९. सदस्य श्री हरि प्रसाद खतिवडा - गल्छी गाउँपालिका
१०. सदस्य श्री विशाल लुङ्गेली मगर - गल्छी गाउँपालिका
११. सदस्य श्री भेष कुमारी खनाल - गल्छी गाउँपालिका
१२. सदस्य श्री तुलसी अधिकारी - गल्छी गाउँपालिका
१३. सदस्य श्री दिलमाया तामाङ - गल्छी गाउँपालिका
१४. सदस्य श्री जानुका धिताल - गल्छी गाउँपालिका
१५. सदस्य श्री सृजना घले - गल्छी गाउँपालिका NO FOD.
१६. सदस्य श्री रमेश भुजेल - गल्छी गाउँपालिका
१७. सदस्य सचिव श्री नर बहादुर विश्वकर्मा - प्रमुख प्रशासकीय अधिकृत

अन्य आमन्त्रित

<u>बैठक संख्याः २, मितिः २०८१ भाद्र ५</u>

<u>निर्णयहरु</u>

**प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका बैठकमा निर्णय भएका विषयहरुको समिक्षा ।**

**निर्णयः** अघिल्लो कार्यपालिका बैठकमा निर्णय भएका विषयहरुको समिक्षा गरियो ।

**प्रस्ताव नं. २ : खतिवडा कुल समाज (घर्तिगाउँ मुल थलो) दर्ता सम्बन्धमा।**

**निर्णयः** खतिवडा कुल समाज (घर्तिगाउँ मुल थलो) नामक संस्थाले मिति २०८१ श्रावण ९ गते यस गल्छी गाउँपालिकामा पेश गरेको निवेदन उपर गल्छी गाउँपालिकाको संघ संस्था दर्ता ऐन, २०७९ को दफा ४ बमोजिम कारवाही गर्दा सो संस्था दर्ता गर्न उपयुक्त देखिएकोले उक्त संस्था दर्ता गरि दर्ता प्रमाणपत्र उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं. ३ : अम्लेश्वर गुरुकुल संस्कृत वेद विद्याश्रममा कक्षा १० सञ्चालन अनुमति सम्बन्धमा।**

**निर्णयः** गल्छी गाउँपालिकाको वडा नं ६ मा रहेको अम्लेश्वर गुरुकुल संस्कृत वेद विद्याश्रममा शैक्षिक सत्र २०८१ देखि कक्षा १० सञ्चालन गर्नका लागि अनुमति दिने निर्णय गरियो।

**प्रस्ताव नं. ४ : राष्ट्रिय दैनिक पत्रिकामा सूचना तथा विज्ञापन प्रकाशनको लागि प्रकाशित सूचनामा पर्न आएका दरभाउपत्र मुल्याङ्कन सम्बन्धमा।**

**निर्णयः** आ.व. ०८१।०८२ को राष्ट्रिय दैनिक पत्रिकामा सूचना तथा विज्ञापन प्रकाशनको लागि प्रकाशित दरभाउपत्र आह्वानको सूचना बमोजिम रीतपूर्वक पर्न आएका सिलबन्दी दरभाउपत्रहरुको मुल्याङ्कन गर्दा मिडयाड नेपाल, काठमाडौंले पेश गरेको प्रस्ताव सारभूत प्रभावग्राही देखिएको तर गत आ.व. को सम्झौता रकम भन्दा चालु आ.व.मा अत्याधिक बढी (रु.१००५) रकम कबोल गरेको देखिएकोले गाउँपालिकालाई आर्थिक भार बढ्न जाने हुँदा मिडयाड नेपाल, काठमाडौंले पेश गरेको प्रस्ताव स्वीकृत गर्ने नगर्ने भनी मूल्याङ्कन समितिले उपयुक्त निर्णयको लागि कार्यपालिकामा पेश गरेकोले मुल्याङ्कन समितिको राय सहितको निर्णय अनुसार गत वर्षको चालु आ.व.मा पेश भएको बोल कबोल अङ्क अस्वभाविक रुपले बढी देखिएको र यस बाट गाउँपालिकालाई आर्थिक दायित्व बढ्न जाने हुँदा आ.व. ०८१।०८२ को राष्ट्रिय दैनिक पत्रिकामा सूचना तथा विज्ञापन प्रकाशनको लागि प्रकाशित दरभाउपत्र आह्वानको सूचनामा पर्न आएका दरभाउपत्र अस्वीकृत गरि पुनः सूचना प्रकाशन गर्ने निर्णय गरियो।